आ.व. ०७६।०७७
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्या:-१४/०७६/०७७
मिति:-२०७६।१२।०६
स्थान:- ता.न.पा सभाहल
समय:- विहान ७.३० वजे

तानसेन नगर कार्यपालिकाको विशेष वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | — |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | — |
| श्री राम वहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | — |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | — |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | — |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री डिल्लीराज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

आमन्त्रित

श्री महेश्वर श्रेष्ठ - वा.वडा.अ - ता.न.पा.२

श्री रमेश प्रसाद पौंपाते " - " १४

श्री मनोज डंगोल - सैनानी श्री गोरख दल गण

श्री केशवराज पौडेल - TLOCC - अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. १**

तानसेन नगरपालिकामा कोरोना भाईरस संक्रमण तथा रोकथामको पुर्व तयारी गर्न देहाय वमोजिम गर्ने निर्णय गरीयो ।

- सबै वडा कार्यालयहरुमा वडाध्यक्षको संयोजकत्वमा स्थानीय सरोकारवाला संघ संस्था र व्यक्तिहरु समेतको प्रतिनिधित्व हुने गरी कार्यदल गठन गरी प्रचार प्रसार लगायत जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
- लुम्बीनी मेडिकल कलेज, युनाईटेड मिशन अस्पताल र पाल्पा अस्पताल तानसेनमा शंकास्पद विरामीहरुलाई उपचारको लागि रेफर गरी पठाउने ।
- ता.न.पा का १४ वटै वडा अन्तर्गत क्रियाशिल टोल विकास संस्थाहरु मार्फत सरसफाई र जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय संचार माध्यमहरुवाट जनचेतनामुलक जिंगल सहितका सुचनामुलक समाचारहरु प्रकाशन तथा प्राईम टाईममा प्रसारण गर्न अनुरोध गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत घरघरमा पुगी कोरोना भाईरसको संक्रमणवाट बच्ने उपायहरु सहित चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।
- शंकास्पद विरामीहरुलाई क्वारेन्टाईनमा राख्नका लागि ता.न.पा वडा नं. ६ स्थित सेन मा.वि लाई भवन उपलब्ध गराउन अनुरोध गर्ने ।
- औषधि लगायत मेडिकलजन्य सामग्रीहरुको नियमित आपुर्तिका लागि औषधि व्यवसायी संघ संग समन्वय गर्ने ।
- जिल्ला प्रहरी कार्यालय संगको समन्वय र सहकार्यमा तानसेन नगरपालिकाको मुख्य वजार क्षेत्र प्रवेश गर्ने स्थान तथा जन आवागमन वढि हुने स्थानमा स्वास्थ्य चेकपोष्ट राख्ने ।
- कोरोना भाईरस विरुद्धको सन्देशमुलक सामग्रीको श्रव्य दृश्य सामग्री पोखरा महानगरपालिकाको फेवाताल र पाल्पा वसपार्कमा रहेको डिस्प्ले वोर्डमा राख्ने
- कोरोना भाईरस प्रभावित वा शंकास्पद विरामीहरुलाई क्वारेन्टाईनमा राख्न ५० वेडका लागि आवश्यक पर्ने मेडिकलजन्य सामग्रीहरु उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय पाल्पा मार्फत गृह मन्त्रालय काठमाण्डौमा अनुरोध गर्ने ।
- माथि उल्लेखीत क्रियाकलापहरु संचालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन देहाय वमोजिमको पदाधिकारी रहने गरी निर्देशक समिति गठन गर्ने ।

| | |
|---|---|
| (क) श्री अशोक कुमार शाही, नगर प्रमुख | संयोजक |
| (ख) श्री दामोदर प्रसाद घिमिरे नगर प्रवक्ता | सदस्य |
| (ग) श्री डिल्लीराज वेल्वासे प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) श्री राम वहादुर रावल वडाध्यक्ष - ५ | सदस्य |
| (ङ) श्री सागरमान महर्जन वडाध्यक्ष - ६ | सदस्य |
| (च) श्री मनोज डंगोल सेनानी, गोरखदल गण, पाल्पा | सदस्य |
| (छ) प्रहरी निरीक्षक जिल्ला प्रहरी कार्यालय, पाल्पा | सदस्य |
| (छ) श्री वुद्धि प्रसाद शर्मा, नेपाल रेडक्रस सोसाईटी पाल्पा | सदस्य |

Scanned with CamScanner

(ज) श्री झविन्द्र न्यौपाने स्वास्थ्य संयोजक सदस्य सचिव

**निर्णय नं. २**

तानसेन नगरपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको यातायात खर्च वापत मासिक रु. ५००- का दरले ८९ जनाको वार्षिक हुन आउने रकम रु. ५,३४,०००।-(रु. पाच लाख चौतिस हजार) नगरपालिकाको चालु खर्च अन्तर्गत **सेवा परामर्श** शिर्षकवाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. ३**

ता.न.पा वडा नं. ४ शित्तलपाटी तेर्सो सडकमा Flag Stone छाप्ने कार्य भैरहेकोमा सोको म्याद २०७६ फाल्गुण मसान्तमा सकिएको र निर्माण कार्य पुरा गर्नका लागि सि.एम शिवालय जे.भी. ले २०७७ असार मसान्त सम्मका लागि म्याद थप गरीपाउँ भनी निवेदन पेश गरेकोमा पछिल्लो समयमा निर्माण कार्य सन्तोषजनक देखिएकोले एकपटकका लागि २०७६ चैत्र १ देखी २०७७ साल असार मशान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४**

नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय एवं स्वास्थ्य ईकाईहरुमा कार्यरत करार सेवाका कर्मचारीहरुको २०७६ फाल्गुण मसान्तमा म्याद समाप्त भएकोले मिति २०७६। चैत्र १ गते देखी २०७७ असार मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको वडा नं. १, ६ र ७ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणका लागि जग्गादाताहरुवाट निशुल्क रुपमा जग्गा दिन ईच्छुक भई निवेदन पेश गरेको र न.पा वाट खटिएका प्राविधिकंहरुवाट सम्वन्धित स्थानमां स्वास्थ्य संस्था निर्माण गर्न उपयुक्त हुने भनी प्रतिवेदन प्राप्त भएकोले तपसिल अनुसारका जग्गा प्राप्तीका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन भएको जिल्ला स्तरीय निशुल्क जग्गा प्राप्ती समितिमा सिफारिस गरि पठाउने निर्णय गरीयो ।

तपसिल

| सि.नं. | जग्गादाताको नामथर | ठेगाना | कित्ता नं. | क्षेत्रफल | दानगर्ने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | युवराज पौड्याल | ता.न.पा ७ | १७१९ | ५-६-१-१ | ०-९-१-२ | |

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको विकास र प्रगतीको लागि तानसेन नगरपालिकाले वहुवर्षिय वृहत नगर योजना निर्माण गरी अन्तिम मस्यौदा तयार गरेको हुँदा उक्त मस्यौदामा नागरिक स्तरवाट आवश्यक सल्लाह सुझाव संकलनको लागी तानसेन नगरपालिकाको आधिकारीक Web site मा राख्ने निर्णय गरीयो ।

Scanned with CamScanner